नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं
( स्थानीय तह कर्मचारी प्रशासन शाखा)

☎ ४२००३१४, ४२००२९९, ४२००५०५, ४२००२९१

पत्र संख्या :-०७४/७५
चलानी नः ६४५१

मितिः२०७५।२।२४

**बिषय : निर्देशन कार्यान्वयन गर्ने सम्बन्धमा ।**

अत्यन्त जरुरी

श्री महानगरपालिको कार्यालयहरु सवै
श्री उपमहानगरपालिकाको कार्यालयहरु सवै
श्री नगरपालिकाको कार्यालय सवै
श्री गाउँपालिकाको कार्यालय सवै
श्री जिल्ला समन्वय समितिको कार्यालयहरु सवै

प्रस्तुत विषयमा कतिपय स्थानीय तहहरुले नेपाल सरकारबाट स्वीकृत स्थानीय तहहरुको अन्तरिम संगठन संरचना अनुसार रिक्त रहेका पदहरु खुला तथा बढुवा प्रकृयाद्वारा पदपूर्तिको कार्यवाही अगाडी बढाएको भन्ने सन्दर्भमा सवै स्थानीय तहहरुलाइं निम्न अनुसार गर्न निर्देशन दिने भनि मिति २०७५।२।२४ गते (माननीय मन्त्रीस्तर) निर्णय भएको हुदाँ सोही अनुसार गर्नु गराउन हुन अनुरोध छ ।

निर्णय

१. हाल नेपाल सरकारबाट स्वीकृत भएको स्थानीय तहहरुको संगठन संरचना अन्तरिम भएकोले यसलाई स्थायी पद मानी कुनैपनि प्रकृयाले पदपूर्ति नगर्ने ।
२. पदपूर्ति प्रकृया प्रारम्भ गरेको वा माग आकृति फारम भरि लोक सेवा आयोगमा माग गरिसकिएको भए उक्त प्रकृया स्थगित गर्ने र माग फिर्ता लिने ।
३. स्थानीय तहहरुमा नेपाल सरकारले कर्मचारीहरुलाई कामकाज गर्न खटाइ रहेकोले नपुग कर्मचारीहरु यस मन्त्रालयमा माग गरि पठाउने ।
४. स्थानीय तहहरुमा नेपाल सरकारले कर्मचारी समायोजन गरे पश्चात मात्र स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम स्थानीय तहहरुले संगठन तथा ब्यवस्थापन सर्वेक्षणका आधारमा O&M गरि संगठन संरचना कायम गर्न सक्ने कानूनी व्यवस्था रहेकोले सोहि अनुसार गर्ने ।
५. अन्तरिम संगठन संरचना भित्र रहेका कुनैपनि पदहरु नेपाल सरकारलाइ दायित्व पर्ने गरि अस्थायी, करार वा अन्य कुनै प्रकृयाले पदपूर्ति नगर्ने ।
६. कर्मचारी व्यवस्थापन सम्बन्धी अन्य कार्य स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्था , २०७४ बमोजिम गर्ने गराउने ।

2075/2/24

प्रेम प्रसाद लुइटेल
उप सचिव